# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं वैशाख ५ गते २०१२ साल [ संख्या ३५

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरु देहायका क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरु छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, ईश्तहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, प्रनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनविभाग, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) सल्लाहकार सभाको सूचना, जन्म मरणको संख्या इत्यादि ।

(ञ) हल्लाको खण्डन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, इमेच्छामण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना।

(ण) संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञति।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना कौशीआदिको प्रकाशित प्रचलित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत।

भाग ३ (क) उद्योग वाणिज्य र व्यापारसम्बन्धी सरकारी विज्ञापन इत्यादि।

(ख) नियन्त्रित बजारभाउ मुद्राविनिमय इत्यादि।

भाग ४ (क) कृषि,भूमिसुधार सम्बन्धीसूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ मालपोत तथा वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ प्रधान मन्त्रालय राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ पब्लिकवर्क्स तथा सञ्चारसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि।

भाग १२ विकास तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।

३२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भाग–२

## अर्थ करेन्सी एन्ड एक्सचेञ्ज विभागको सूचना

तपसीलमा लेखिएका धातु डिजाइनको ४ चार पैसे पैसा टकमरी मै २०१२ साल वैशाख १ गतेदेखि चलन चल्तीमा ल्याइने भएको हुनाले सर्व–साधारणलाई ज्ञात होस् भन्नानिमि यो सूचन प्रकाश गरएको छ।

तपसील

धातु——————पीत्तल

डाइ मेटर——— ·७५ इन्ची

डिजाइन———बिचमा प्वाल भएको

एकापट्टी—श्री भवानी, दायाँ बायाँ पाँच कुने बुट्टा र साल किटेको।

अर्कोपट्टी——श्री नेपाल सरकार, दायाँ बायाँ चन्द्र सूर्य र चार ४ पैसा किटिएको।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालयको सूचना

१०२ २६।१२।०११

नयाँ तलब सम्बन्धित ०६।३।३ मा प्रकाशित भएको गजेटमा मासिक रु. २६६ देखि बढी तलब खानेको महँगी भत्ताको दरबन्दी नभएकोले नयाँ तलब सम्बन्धित प्रकाशित भएको पेस्केलमा बस्न मन्जूर नगरी साबिक तलब खान

३२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्जूर गरी बस्नेहरूमा पनि मासिक रु. २९९ देखि बढी तलब खानेलाई साबिकमा कुनै किसिमको महँगी भत्ता दिई लिई आएको भए सो दिन लिन नपाउने भएको हुँदा सूचना जारी गरिदिएको छ ।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

## अर्थमन्त्रालय (आय-विभाग) को सूचना

११ गृ. वि. ६३।८२९९ 	२६।१२।०११

काठमाडौं सिनेमा हलहरूमा एक हप्तामा ५ दिन मात्र सिनेमा देखाउन पाउने भनि यसअघि प्रकाश भएकोमा प्रत्येक हप्तामा दुइ दिन बन्द हुनेमा आदित्यबार र बुधबार काठमाडौं उपत्यकाका कुनै पनि हलले सिनेमा देखाउन नपाइने निर्णय भएकोले सर्वसाधारणलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी—अर्थमन्त्रालय.

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।